# दुल्लू नगरपालिका
# स्थानीय राजपत्र

खण्डः ९ | संख्याः १४ | २०८२ चैत्र २ गते


दुल्लू नगरपालिका,नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भाग २

## स्वावलम्बन समूहहरुको गठन, व्यवस्थापन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः** स्थानीय तहले कार्यक्रमहरुको कार्यान्वयनमा स्वामित्व, संलग्नता तथा प्रतिफलमा समेत पहुँच अभिवृद्धि गर्न र अपाङ्गता भएका व्यक्तिहरुसँग सम्बन्धित कार्यक्रमहरु तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा सहयोग र समन्वय गर्न नगरपालिका स्तरमा अपाङ्गता भएका व्यक्तिहरुको समूह गठन तथा वडास्तरमा स्वावलम्बन र समूह गठन र परिचालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले दुल्लू नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ अनुसार दुल्लू नगरपालिका नगर कार्यपालिकाको मिति २०८२।०९।०४ गतेको बैठकको निर्णय बमोजिम स्वावलम्बन समूहहरुको गठन, व्यवस्थापन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८२ जारी गरिएको छ ।

## परिच्छेद १ संक्षिप्त नाम र परिभाषा

**१.संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम स्वावलम्बन समूहहरुको गठन, व्यवस्थापन तथा परिचालन सम्बन्धी कार्यविधि २०८२ रहेको छ।

यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) “अध्यक्ष” भन्नाले दफा ३ बमोजिमको अध्यक्ष सम्झनुपर्छ ।

ख) “उपाध्यक्ष” भन्नाले दफा ३ बमोजिमको उपाध्यक्ष सम्झनुपर्छ ।

ग) “सदस्य” भन्नाले संजाल तथा समितिको सदस्य सम्झनुपर्छ ।

घ) “अपाङ्गता भएका ब्यक्तिहरुको स्वावलम्बन समूह” भन्नाले दफा ३ बमोजिम गठन भएको नगरपालिका स्तरिय अपाङ्गता भएका ब्यक्तिहरुको स्वावलम्बन समूहलाई सम्झनुपर्छ ।

ङ) स्वावलम्बन समुह भन्नाले दफा ३ बमोजिम गठन भएको वडा स्तरीय वा टोल स्तरिय अपाङ्गता भएको ब्यक्तिहरुको समितिलाई सम्झनुपर्छ।

च) "बिऊ पुँजी" भन्नाले प्रत्येक वडा स्तरीय समितिलाई अपाङ्गता रोकथाम तथा समुदायमा आधारित पुनर्स्थापनाका कार्यक्रम अन्तर्गत अपाङ्गता भएका ब्यक्तिहरुको जीविकोपार्जनका बिभिन्न कार्यका लागि परिचालन हुने कोषलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## अपाङ्गता भएका व्यक्तिहरुको समूह गठन

**३. अपाङ्गता भएका व्यक्तिहरुको समूह गठनः** (१) अपाङ्गता भएका व्यक्तिहरुको मूलप्रवाहीकरण, सशक्तीकरण, क्षमता विकास, गरिबी निवारण तथा पुनर्स्थापनाका क्षेत्रमा सहयोग पुऱ्याउन नगरपालिकास्तरमा सञ्चालन हुने विभिन्न कार्यक्रमहरुको समन्वय तथा अपाङ्गता भएका ब्यक्तिले उत्पादन गरेको बस्तु तथा सेवाको बजारीकरण वा बिस्तार गर्नको लागि नगरपालिकास्तरको अपाङ्गता भएका ब्यक्तिहरुको नगरस्तरीय भेला मार्फत तपशिल बमोजिम समूह गठन हुनेछ ।

क) अपाङ्गता भएका ब्यक्तिहरुमध्ये नगरस्तरीय भेला मार्फत छनौट भएका एक जना -अध्यक्ष

ख) अपाङ्गता भएका ब्यक्तिहरुमध्ये नगरस्तरीय भेला मार्फत छनौट भएका एक जना -उपाध्यक्ष

ग) अपाङ्गता भएका ब्यक्तिहरुमध्ये नगरस्तरीय भेला मार्फत छनौट भएका एक जना -सचिव

घ) अपाङ्गता भएका ब्यक्तिहरुमध्ये नगरस्तरीय भेला मार्फत छनौट भएका एक जना -सह सचिव

ङ) अपाङ्गता भएका ब्यक्तिहरुमध्ये नगरस्तरीय भेला मार्फत छनौट भएका एक जना -कोषाध्यक्ष

च) नगरस्तरीय भेला मार्फत छनौट भएका शारीरिक अपाङ्गता भएका व्यक्तिहरुमध्येबाट १ जना महिला सहित २ जना -

सदस्य

छ) दृष्टिविहीन अपाङ्गता भएका व्यक्तिहरुमध्ये १ जना सदस्य, बहिरा अपाङ्गता भएका व्यक्तिहरु मध्येबाट १ जना सदस्य वा बौद्धिक वा पूर्ण अशक्त अपाङ्गता भएका बालबालिकाको अभिभावकहरु मध्येबाट १ जना वा स्वरवोलाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरुमध्येबाट १ जना सदस्य

ज) उपदफा (१) बमोजिमको समिति देहायका सदस्यहरु रहने छन् – अपाङ्गताको प्रकारलाई ध्यानमा राखी समावेशिताका आधारमा वडा कार्यालयसँगको समन्वयमा ११ जना सम्मको समितिको पदाधिकारी राखिनेछ ।

झ) उपदफा (२) बमोजिम अपाङ्गताको प्रकार बमोजिम गठन गर्दा उपाध्यक्ष, सचिव र कोषाध्यक्षको पदका लागि निर्वाचनको बखत गोला प्रथाबाट शारीरिक, दृष्टिविहीन, बहिरा र बौद्धिक अपाङ्गतावर्गबाट प्रतिनिधित्व हुने गरी तय गरिनेछ। गोला प्रथाबाट पदको उम्मेदवार तय भए पछि जुन वर्गलाई उपाध्यक्ष, सचिव, सह सचिव र कोषाध्यक्षको पद छानिएको हुन्छ सोही वर्गबाट मात्र उम्मेदवार हुन पाइनेछ ।

खण्ड (छ) बमोजिम अपाङ्गताको वर्ग अनुसार रिक्त रहेमा वा उम्मेदवारी नपरेमा सम्बन्धित वर्ग सगको परामर्शमा संजाल समितिले मनोनित गर्नेछ । निर्वाचित वा मनोनित पदाधिकारीहरुको कार्यकाल ३ वर्षको हुनेछ ।

ञ) स्वाबलम्बन समुह बैठक लगातार तीन पटकसम्म बिना सूचना अनुपस्थित रहेमा एक पटक सफाइको मौका दिईनेछ सो सम्बन्धमा चित्त बुझ्दो जवाफ प्राप्त नभएमा पदबाट मुक्त गरिनेछ ।

# परिच्छेद ३

## वडा स्वावलम्बन समूह गठन

### ४. समुह गठनः

(१) एक समूहमा सम्वन्धित वडाका सबै अपाङ्गता भएका व्यक्तिहरु सदस्यको रुपमा उम्मेदवार बन्न सक्नेछन् ।

(२) कम्तीमा ५ देखि २० जना सदस्यको समूह सञ्चालन समिति बनाइनेछ । सञ्चालन समितिमा सदस्यहरुको छनौट गर्दा सबै क्षेत्र र भूगोलमा रहेका अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।

(३) सामुहिक छलफल तथा अन्तरक्रिया गरी समूहका क्रियाकलाप व्यवस्थित रुपमा सञ्चालनका लागि तपसिल बमोजिमका पदाधिकारीहरुको छनौट गर्नुपर्नेछ ।

| | |
|---|---|
| क) अध्यक्ष | १जना |
| ख) उपाध्यक्ष | १जना |
| ग) सचिव | १ जना |
| घ) कोषाध्यक्ष | १ जना |
| ङ) सदस्य | ५ जना |

(४) प्रत्येक स्वावलम्बन समूहमा सम्बन्धित वडाका बडाध्यक्ष संरक्षकको रुपमा रहनेछन् । त्यस्तै सि.वि.आर सहजकर्ता सल्लाहकार सदस्यको रुपमा रहने र सम्बन्धित वडाका नगर स्तरिय अपाङ्गता भएका ब्यक्तिहरुको समुहमा आमन्त्रित सदस्य रहने छन् ।

(५) एक समूहमा एक परिवारबाट एक जना मात्र सदस्य रहने र अपाङ्गता भएका बालबालिकाका र बौद्धिक अपाङ्गता भएका ब्यक्तिहरुको हकमा कोहि एक उनीहरुलाई हेरचाह गर्ने अभिभावक समूह सदस्यको रुपमा आवद्ध हुनेछन् ।

(६) सम्बन्धित टोल, वडा वा नजिकको पायक पर्ने वडाको समूहमा सदस्यहरु रहन सक्नेछन्। एक जना अपाङ्गता भएका व्यक्ति एउटा समूहको मात्र सदस्य हुन सक्ने छन्।

(७) वडास्तरिय स्वावलम्बन समूहमा वडा अध्यक्ष संरक्षकको रुपमा रहने र समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता सल्लाहकारका रुपमा रहने छन् ।

(८) स्वावलम्बन समूहको कार्यकाल ३ बर्षको हुनेछ । तीन बर्ष पश्चात पुनः समूहको भेलाबाट पदाधिकारीहरुको चयन हुनेछ ।

(९) समुह गठन गर्दा अपाङ्गगताको प्रकार, लैङ्गिकता र समावेशितालाई उच्च प्राथमिकता दिनुपर्नेछ ।

(१०) यदि एउटा टोलमा २० जनाभन्दा बढी अपाङ्गता भएका ब्यक्तिहरु रहेछन् भने अर्को टोलमा आवद्धता गराउने यदि अर्को टोल नभएमा २ वटा समूह बनाउन पर्नेछ ।

(११) एउटा टोलमा थोरै मात्र (५ भन्दा कम) अपाङ्गता भएका व्यक्तिहरु रहेछन् भने दुई वटा टोलमा रहेका अपाङ्गता भएका व्यक्ति तथा तिनका परिवारका सदस्यहरुलाई मिलाएर स्वावलम्बन समूह गठन गर्नु पर्नेछ ।

(१२) स्वावलम्बन समूहको अध्यक्ष, सचिव र कोषाध्यक्षको म्याद तीन बर्षको हुनेछ । तीन बर्ष पश्चात अध्यक्ष, सचिव र कोषाध्यक्ष पुनः चयन गर्नुपर्नेछ ।

(१३) कुनै पदाधिकारी वा सदस्यले छोडेमा वा मृत्यु भएमा वडा स्तरिय समितिले अन्य पदाधिकारी चुन्न सक्ने छ।

## परिच्छेद ४

## नगरस्तरीय स्वावलम्बन समूहको काम, कर्तव्य, र अधिकार

५. अपाङ्गता भएका ब्यक्तिहरुको समूह संजाल समितिको काम, कर्तव्य र अधिकार :

(१) अपाङ्गता क्षेत्रसँग सम्बन्धित सञ्चालित नगरपालिका वडा कार्यालय सरकारी एवं गैरसरकारी क्षेत्रका कार्यक्रमहरुको तर्जुमा, कार्यन्वयनमा समुदायमा आधारित पुनर्स्थापना सहजकर्तालाई सहजीकरण र समन्वय गर्ने ।

(२) अपाङ्गता लक्षित कार्यक्रमहरुको तर्जुमा, कार्यन्वयन, अनुगमन, समन्वय र सहजीकरण गर्ने ।

(३) समावेशिता र अपाङ्गता भएका व्यक्तिहरुका लागि बनेका नीतिगत व्यवस्थाका आधारमा अपाङ्गता लक्षित कार्यक्रमहरुमा विनियोजित बजेटबाट लक्षितवर्ग लाभान्वित हुने अवस्था सुनिश्चितताका लागि समन्वय र सहजीकरण गर्ने।

(४) अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण, चेतना विकल्प र प्रत्यक्ष लाभान्वित हुने कार्यक्रमहरुको तर्जुमा गर्नको लागि सिफारिश गर्ने।

(५) सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले स्वावलम्बन समूहलाई उपलब्ध गराउने बिऊपुँजीको संरक्षण तथा प्रभावकारी परिचालन गरी पारदर्शिता कायम गर्ने ।

(६) अपाङ्गता भएका व्यक्तिहरुमा बित्तीय पहुँच स्थापना गर्न बचत संकलन र ऋण लगानी गर्ने, गराउने, र अपाङ्गता भएका व्यक्तिहरुले उत्पादन गरेका बस्तु तथा सेवाको बजारीकरण गर्ने ।

(७) अपाङ्गता भएका व्यक्तिको सहभागिता, सशक्तीकरण तथा विकासका लागि र अन्य कार्यन्वयनमा रहेका ऐन, नियम, निर्देशिका, कार्यविधि र नीति स्थानीय तहमा भएका व्यवस्थाहरुको बारेमा सरोकारवालाहरुलाई सुसूचित गर्ने,

(८) अपाङ्गता सम्बन्धी कार्यक्रमहरु समुदायमा आधारित अवधारणा अनुसारः बालबालिका, शिक्षा, स्वास्थ्य, जीविकोपार्जन, र सामाजिक (मनोरञ्जन तथा खेलकुद) कार्यक्रम कार्यन्वयनको लागि आवश्यक सहयोग उपलब्ध गराउने

(९) लैङ्गिक समानता तथा समावेशीकरण नीति २०६६ बमोजिम गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यन्वयन समितिसँग समन्वय गरी उक्त नीति कार्यन्वयनको लागि सहयोग तथा कार्यन्वयनको अनुगमन गर्ने,

(१०) विभिन्न निकायबाट अपाङ्गता भएका व्यक्तिको लागि मात्र लक्षित कार्यक्रमहरुको बजेट तथा कार्यक्रमको स्थान र विषयगत क्षेत्र अनुसारको अभिलेख अध्यावधिक गरी राख्ने ।

(११) विभिन्न संघ, संस्था तथा निकायबाट गठन हुने उपभोक्ता समिति, समूह संस्थामा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्वको सुनिश्चितताको लागि पहल गर्ने,

(१२) स्थानीय तहहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बजेट परिक्षण नीति अनुसारको लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट समुदायमा आधारित पुनर्स्थापनाको अवधारणा अनुसार तर्जुमा गर्ने तथा कार्यन्वयनमा सहजिकरण गर्ने,

(१३) विषयगत शाखाहरु तथा स्थानीय तहबाट सञ्चालित अपाङ्गता भएका व्यक्तिहरुको लागि लक्षित कार्यक्रमको कार्यन्वयनको अवस्था तथा कुल विनियोजित बजेटको बारेमा प्रचार प्रसार गर्ने,

(१४) अपाङ्गता भएका व्यक्तिहरुको लागि अपाङ्गता सम्बन्धी नीतिगत व्यवस्थाहरुको स्थानीय तहमा कार्यन्वयनका लागि सहजीकरण गर्ने ।

(१५) स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिहरुको लागि तर्जुमा गरिएका कार्यक्रमहरुको कार्यान्वयन गर्न पुनर्स्थापना सहजकर्तालाई सहयोग गर्ने, सहभागी हुने वा गराउने ।

(१६) परामर्श तथा पुनर्स्थापना सेवा आवश्यक सेवाका लागि तालिम प्राप्त पुनर्स्थापना सहजकर्तासँग समन्वय गर्ने।

(१७) अन्य प्राबिधिक सहयोग पुनर्स्थापना सहजकर्ताबाट लिने र सहजकर्ता मार्फत सबै अपाङ्गता भएका ब्यक्तिहरुको तथ्याङ्क तथा प्रोफाइल बनाउने ।

(१८) पुनर्स्थापना सहजकर्ता तथा पुनर्स्थापना सेवाका लागि सिफारिस गर्ने ।

## परिच्छेद ५

## स्वावलम्बन समूहको बैठक सम्बन्धी व्यवस्था

**६. स्वावलम्वन समुहको बैठकः**

(१) अपाङ्गता भएका ब्यक्तिहरुको स्वावलम्बन समूहको बैठक १ वर्षमा कम्तीमा ६ पटक बस्नेछ ।

(२) अपाङ्गता भएका ब्यक्तिहरुको स्वावलम्बन समूहको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) अपाङ्गता भएका ब्यक्तिहरुको स्वावलम्बन समूहको बैठक बस्नु भन्दा कम्तीमा तीन दिन अगावै संजाल समितिको सदस्य सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना सबै सदस्यलाई दिनुपर्ने छ ।

(४) अपाङ्गता भएका ब्यक्तिहरुको स्वावलम्बन समूहको बैठकमा कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समूहको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) अपाङ्गता भएका ब्यक्तिहरुको स्वावलम्बन समूहको बैठकको अध्यक्षता स्वावलम्बन समूहको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षता गर्नेछ ।

(६) अपाङ्गता भएका ब्यक्तिहरुको समूह अपाङ्गता नगर स्तरीय स्वावलम्बन समूह गठन गर्दा समावेशितालाई मध्यनजर गर्दै प्रतिनिधित्व हुन नसकेको वर्गबाट प्रतिनिधित्वलाई सुनिश्चित गराउनका लागि ७ जना थप प्रतिनिधि नगर स्तरिय स्वावलम्बन समूहको निर्णय बमोजिम मनोनित गरिनेछ ।मनोनित प्रतिनिधिहरुको अधिकार वडाबाट छनोट भई आएका प्रतिनिधि सरह हुनेछ ।

# परिच्छेद ६

## वडा स्तरिय स्वाबलम्बन समूहको काम, कर्तव्य र अधिकार

**७. अपाङ्गता सम्बन्धी वडास्तरीय स्वावलम्बन समूहको काम, कर्तब्य र अधिकारः**

(१) सामुदायिक संस्था,सरकारी तथा गैर सरकारी संस्थाहरुले स्वावलम्बन समूहलाई उपलब्ध गराउने बिऊ पुँजीको संरक्षण तथा प्रभावकारी परिचालन गर्ने र पारदर्शिता कायम गर्ने ।

(२) अपाङ्गता भएका ब्यक्तिहरुमा बित्तीय पहुँच स्थापना गर्न बचत संकलन, र ऋण लगानी गर्ने, गराउने, र अपाङ्गता भएका ब्यक्तिहरुले उत्पादन गरेका बस्तु तथा सेवाको बजारीकरण गर्ने ।

(३) समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता तथा अन्य संस्था मार्फत पुनर्स्थापना सेवा प्राप्त गर्ने ।

(४) समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता मार्फत जीविकोपार्जन तथा अन्य क्रियाकलाप संचालन गर्ने ।

# परिच्छेद ७

## नगर तथा वडा स्तरीय स्वावलम्बन समुहले अपाङ्गता सम्बन्धी पालना गर्नुपर्ने आचारसंहिता

**८. आचारसंहिताः**

(१) संवेदनशिल भै सेवाग्राहीका आवश्यकताहरु पहिचान तथा कार्यन्वयन गर्ने ।

(२) अपाङ्गतामैत्री व्यवहार प्रदर्शन गर्ने गराउने ।

(३) सेवाग्राहीलाई कुनै प्रश्न सोध्दा झर्केर वा हतोत्साहित हुने गरी नसोध्ने ।

(४) माग गरेको सेवा दिन कति ढिला वा कति समय लाग्छ भन्ने बारेमा सेवाग्राहीलाई प्रष्ट रुपमा जानकारी गराउने साथै कुन सेवा कहाँबाट प्राप्त हुन्छ भन्ने बारेमा समेत सुसूचित गर्ने, गराउने ।

(५) अपाङ्गताको अवस्था हेरी सेवाग्राहीलाई सेवा लिदा गर्नुपर्ने सेवा तथा सहयोगमा प्राथमिकता दिने ।

(६) सूचनाहरु उपलब्ध गराउँदा सकेसम्म कम लागतमा गर्ने गरी र मितव्ययितालाई ध्यानमा राखी उपलब्ध गराउने ।

(७) समुदायमा आधारित पुनर्स्थापना सेवा सबैले प्राप्त गरेको सुनिश्चित गर्ने ।

(८) सामुदायिक सरकारी तथा गैर सरकारी संस्थाले स्वावलम्बन समूहलाई उपलब्ध गराउने बिऊ पुँजीको संरक्षण तथा प्रभावकारी परिचालन गरी पारदर्शिता कायम गर्ने ।

(९) अपाङ्गता भएका ब्यक्तिहरुमा बित्तीय पहुँच स्थापना गर्न बचत संकलन र ऋण लगानी गर्ने, गराउने, र अपाङ्गता भएका ब्यक्तिहरुले उत्पादन गरेका बस्तु तथा सेवाको बजारीकरण गर्ने ।

## परिच्छेद ८
## दर्ता नगरी समुह खोल्न नहुने

**९. समुह दर्ता प्रक्रिया :**

(१) यस कार्यबिधि बमोजिम दर्ता नगरी कसैले पनि समुह स्थापना गर्न हुँदैन ।समुह दर्ता गर्न अनुसूची १ बमोजिम निवेदन दिनु पर्ने छ ।

२) समुह स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले समुह सम्बन्धी देहायको विवरण खुलाई समुहको विधानको दुई प्रति र वडा कार्यालयको सफारिस सहित नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ

क) समुहको नाम,

ख) उद्देश्यहरु,

ग) प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

घ) आर्थिक श्रोत,

ङ) कार्यालयको ठेगाना ।

३) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी समुह दर्ता गर्न उचित ठानेमा समुह दर्ता गरी दर्ताको प्रमाण-पत्र दिनेछ ।

४) प्रमुख प्रशासकीय अधिकृतले कुनै समुह दर्ता नगर्ने निर्णय गरेमा त्यसको कारण सहितको सूचना ७ दिन भित्र निवेदकलाई दिनु पर्नेछ ।

५) यस दफा अन्तर्गत अपांगता स्वावलम्बन समुहहरुलाई दिइने प्रमाणपत्रको ढाँचा, अवधिका साथै कार्यपालिकाले निःशुल्क दर्ता तथा नविकरण गर्ने व्यवस्था गर्न सक्नेछ ।

६) अनुसूची २ बमोजिम दर्ता अभिलेख राखी अनुसूची ३ बमोजिम प्रमाणपत्र दिनुपर्ने छ ।

## परिच्छेद ९
## बिऊँपुर्जीं परिचालन

**१०. बिउपुँजि परिचालन सम्बन्धि ब्यावस्थाः**

**(१)** बित्तीय,गैर सरकारी संस्था तथा स्थानीय सरकार मार्फत बिऊ पुँजी परिचालन हुनेछ। प्रत्येक वडाको बिऊपुँजीको संरक्षक वडा अध्यक्ष रहने छन।पुन स्थापना सहजकर्ताले बिऊपुँजीं परिचालन तथा ब्यवस्थापनमा सहयोग गर्ने छन।

**(२)** बिउपुजी परिचालन गर्दा समितिको बहुमतबाट निर्णय गरी परिचालन गर्नु पर्ने छ।

(३) तालिम प्रदान गर्नु पर्ने अपांङ्गता भएका ब्यक्तिको शारीरिक, मानसिक क्षमताको लेखाजोखा गर्दै क्षमता, आवश्यकता र सम्भाब्यता अनुरुप तालिम प्रदान गर्न सकिने छ ।

(४) आयआर्जन गर्न सक्ने अपाङ्गता भएको ब्यक्तिले आफ्नो कार्यक्षमता बमोजिमको आयआर्जन गर्नलाइ समुहगत रुपमा प्रेरणा प्रदान गर्नु पर्ने छ ।

(५) स्वास्थ्य परिक्षण गराउनुपर्ने अपाङ्गता भएको ब्यक्तिको बर्षमा एक पटक नेपाल सरकारको स्वास्थ्य संस्थामा गई स्वास्थ्य परिक्षण गराउनु पर्ने छ ।

(६) अनुगमन गर्नुपर्ने सम्बन्धित वडाको समिति, वडा कार्यलय तथा नगरकार्यपालिकाले अनुगमन मुल्याङ्कन तथा सुधारका लागि आवश्यक दिशा निर्देश गर्नु पर्ने छ ।

परिच्छेद १०

**सेवा सुविधाहरुको अभिलेख**

**११. सेवा सुविधाको अभिलेख ब्यावस्थापन:**

समुदायमा आधारित पुनर्स्थापना, सहयोगी सामग्री तथा अन्य सेवाबाट दैनिक प्रत्यक्ष रुपमा सेवा सुविधा प्राप्त गर्ने व्यक्तिहरुको अभिलेख दुरुस्त राखिनेछ । यसरी अभिलेख राख्ने जिम्मेवारी समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता वा तोकिएको कर्मचारीको हुनेछ ।प्रत्यक्ष सेवा लिनेहरुको अभिलेखको ढाँचा समुदायमा समुदायमा आधारित कार्यक्रमको आवश्यकता अनुसार राखिनेछ । उपलब्ध गराइएका सेवा तथा सेवाग्राहीहरुको विवरणलाई विश्लेषण र वर्गिकरण गरी आवश्यक प्रतिवेदन तयार गर्ने र सहज हुने गरी वडा तथा नगरकार्यपालिकामा सबैले समुचित प्रयोग गर्ने गरी अभिलेख व्यवस्थापन र प्रकासन गर्नुपर्नेछ ।

**१२. अपाङ्गता सम्बन्धी वा समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम**

सामाजिक क्षेत्रमा क्रियाशिल सरकारी, निजी तथा गैरसरकारी संघ संस्थाहरुले नगरपालिका र वडा स्तरमा कार्यक्रम संचालन गर्दा अपाङ्कता भएका ब्यक्तिहरुको संलग्नता अनिवार्य गर्नुपर्नेछ ।

परिच्छेद ११

**कार्यबिधि संसोधन**

**१३. कार्यविधि संशोधनः**

कार्यविधिमा आवश्यक संशोधन गर्नु परेमा नगरकार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

परिच्छेद १२

**१४. खारेजी तथा बचाउः**

यस कार्यविधिमा लेखिएका कुनै कुरा प्रचलित कानुनसँग बाझिएको खण्डमा कार्यविधिको व्यवस्था अमान्य हुनेछ।

परिच्छेद १३

## विविध

### १५. समन्वय र सहजिकरणः

(१) अपाङ्गता भएका व्यक्तिहरुको समुह, स्वावलम्बन समुहका लागि, स्थानीय, संघीय तथा प्रदेश सरकारले तय गरेका नीतिगत व्यवस्थाहरु, र निर्देशनहरु पालना गर्ने गराउने ।

(२) स्थानीय आवश्यकतामा आधारित सेवाहरुमा पहुँच अभिवृद्धि, उचित प्रविधि प्रयोग गरी वा भएमा अपाङ्गतामैत्री  नगरपालिका घोषणा गर्न अपाङ्गता भएका व्यक्तिहरुको समुहले समन्वय र सहजीकरण गर्नेछ ।

**अनुसूची १**

**नियम (४) संग सम्बन्धित**

**विषयः समुह दर्ता गरीपाउँ ।**

महोदय,

हामीले.................................................सम्बन्धी समुह खोल्ने चाहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम अपाङ्गता स्वावलम्बन समुह दर्ता गर्नको लागि देहाय बमोजिमका विवरण तथा कागजातहरु संलग्न गरी समुह दर्ताको निवेदन पेश गरेका छौं ।

तपसिल

| | |
|---|---|
| १. समुहको नामः | निवेदकः |
| २. समुहको कार्यालय रहने ठेगानाः | नाम थरः |
| ३. आर्थिक श्रोतः | पद |
| ४. समुहको उदेश्यहरुः | हस्ताक्षर |

क)

ख)

ग)

संलग्न कागजातहरुः

१. समुहको विधान

२. वडा कार्यालयको सिफारिस

३. भेलाको निर्णय

४. प्रबन्ध समितिका पदाधिकारी तथा सदस्यको नामावली विवरण र नागरिक तथा अपाङ्गता परिचय पत्रको प्रतिलिपि

५. समुहको छाप

**अनुसूची २**
**नियम (४) संग सम्बन्धित**
**दर्ता किताबको ढाचा**

| दर्ता नं. | दर्ता मिति | समुहको नाम र ठेगाना | समुहको उदेश्य | समुहको पदाधिकारीहरु तथा सदस्यहरुको नाम ठेगाना र सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

**अनुसूची ३**
**नियम(४) सग सम्बन्धित**
**दुल्लू नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**दुल्लू नगरपालिका, दैलेख,**
**संस्था दर्ता प्रमाण पत्र**

आ.व.
दर्ता नं:............

मितिः

श्री अध्यक्ष , सचिव ज्यू
................................
दुल्लू नगरपालिका वडा नं.... दैलेख

दुल्लू नगरपालिकाको संस्ता दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि २०८२ को दफा () बमोजिम.........साल.................महिना...........गतेमा दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

स्थानीय अधिकारीको दस्तखत
नाम थरः
दर्जाः प्रमुख प्रशासकीय अधिकृत
मितिः

**नोटः**

- प्रमाण पत्र एक आर्थिक वर्ष सम्म वहाल रहनेछ ।
- समुहको दर्ता वहाल रहने अवधी समाप्त भएको तीन महिना भित्र नियमानुसार नविकरण गराउनु पर्ने छ । सो म्याद नाघेमा नियमानुसार जरिवाना समेत लाग्नेछ।

| **नविकरण गरेको मिति** | **दर्ताको प्रमाण पत्र बहाल रहने अवधी** | **भौचर नं. मिति र नविकरण दस्तुर** | **प्रमुख प्रशासकीय अधिकृतको दस्तखत** | **कार्यालयको छाप** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

प्रमाणिकरण मितिः २०८२।१२।०२

दुल्लु नगरपालिका नगर कार्यपालिकाको कार्यालय दुल्लु, दैलेख २०७३

आज्ञाले
पदम बहादुर बुढा(क्षेत्री)
प्रमुख प्रशासकीय अधिकृत
पदम बहादुर बुढा (क्षेत्री)
प्रमुख प्रशासकीय अधिकृत